# बरहथवा नगरपालिका कार्यालय

बरहथवा,सर्लाही

च.नं:- मिति : २०७३-२-९

**विषयः-** बजार तथा आन्तरिक आय ठेक्का सम्बन्धि सूचना ।

उपरोक्त विषयमा यस कार्यलयको मिति २०७३/२/९ गतेको निर्णय अनुसार **तपसिलमा उल्लेखित** वरहथवा बजार**को शिलबन्दी** बोलपत्र(टेण्डर) द्वारा ठेक्का लगाउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म **वा** व्यक्तिहरुबाट तपसिलमा उल्लेखित कुराहरु खुलाई यो सुचना प्रकाशीत भएको मितिले ३० दिन भित्र यस कार्यलयबाट फिर्ता नहुने गरी **तपसिल मा उल्लेखित** दस्तुर तिरी वोल पत्र खरिद गरी सिलबन्दी गरी यस कार्यलयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशीत गरीएको छ ।

## शर्तहरु

१.वोल पत्र साथ **ठेक्का लिने** फर्म**,** संस्था ले फर्म इजाजत प्रमाण पत्रको प्रतिलिपि , पा नं. / भ्याट नं.प्रतिलिपि, आ.व.०७१/०७२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखि पेश गर्नु पर्नेछ । **व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि पेस गर्नु पर्ने छ |**

२.वोल पत्र यो सुचना प्रकाशीत भएको मितिले ३१ औं दिन दिनको १२:०० बजेसम्म यस कार्यलयमा दर्ता गरी सक्नु पर्नेछ । र सोही दिनको २:०० बजे उक्त सिलबन्दीहरु यस कार्यलयमा विभिन्न कार्यलयका प्रतिनिधि र ठेकेदारको रोहोवरमा खोलीने छ । तर ठेकेदार प्रतिनिधि नआए पनि सिलबन्दी खोल्न बाधा पर्ने छैन ।

३.वोल पत्र साथ **कबोल रकमको** को नेपाली नागरिकको हकमा ५ % र विदेशी नागरिकको हकमा १०% ले हुन आउने **धरौटी** रकम ने.वै.लि. मलंगवा स्थित च.हि.ने ग.३/४३५(०२९०३०००००००००५३९३३)धरौटीमा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ ।

४.वोल पत्र सिलबन्दी नगरी वा म्याद भित्र प्राप्त हुन नआएका शिलबन्दी उपर कुनै कार्यवाही हुने छैन ।

५.एक फर्म वा व्यक्तिबाट खरिद भएको बोलपत्र अर्को व्यक्ती वा फर्मले प्रयोग गर्न सक्ने छैन ।

६.वोल पत्रमा दर रेट अंक र अक्षरमा प्रस्ट खुलाई पेश गर्नु पर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ

७.वोल पत्र खरिद गर्ने दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलीपल्ट गरिने छ ।

८.ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यलयमा निहित रहने छ ।

९.यस सम्बन्धी अन्य कुराहरु स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र प्रचलित ऐन नियम बमोजीम हुने छ । यस सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यलयको कार्यलय समय भित्र सर्म्पक राख्न सकिने छ ।

१०.ठेक्का अवधि स्वीकृत रहेको मितिले १ वर्ष को लागी हुने छ।

११.सरकारी ,पेश्की , वेरुजु बाँकी रहेको व्यक्ती**,** फर्म लाई ठेक्का दिइने छैन ।

१२. ठेक्का स्वीकृत भए पछी कबोल गरेको सबै रकम एकमुष्ठ नगद यस कार्यालयको बैंक खाता मा बुझाई भौचर यस कार्यालयमा पेस गर्नु पर्ने छ । 'ठेक्का सम्झौता बमोजीमको रकम वर्ष भरिको एकमुष्ट बुझाउनेहरुलाई १०% छुट दिइने छ ।

१३. टेण्डर फारम यो कार्यालय ,जिल्ला प्रसासन कार्यालय सर्लाही र को.ले.नि.का. सर्लाही बाट प्राप्त गर्न सकिने छ |

१४. प्रत्येक खण्ड को छुट्टा छुटै टेण्डर फारम खरिद गरि छुट्टा छुटै पेस गर्नु पर्ने छ |

१५ . टेण्डर फारम दस्तुर – कबोल रकम रु १० लाख देखि रु ६० लाख सम्म -- टेण्डर फारम दस्तुर रु १०००/- , कबोल रकम रु ६० लाख देखि रु ६ करोड सम्म -- टेण्डर फारम दस्तुर रु ३०००/-

१५.ठेक्का स्वीकृत भएको सात दिन भित्र स्वीकृत भएको बोलपत्र दाता लाइ सो को सूचना दिइने छ ७ दिन भित्र सम्झौता गर्न न आए धरौटी रकम जफ्त गरि त्यस पछिको बोलपत्र दाता लाई सूचना दिईने छ | ठेक्का बन्दोबस्तको सम्झौता भए पछी मात्र बाँकि को धरौटी रकम फिर्ता हुने छ |

१४.पट्टा मा उल्लेखित दर रेट र सम्झौता शर्त अनुसार मात्र कार्य गर्न पाउने छ | कवुलियतको कुनै शर्त वर्खिलाप काम गरेमा ठेक्का कुनै पनि वेला तोडन सकिनेछ।

१५. कानुन ले निषेध गरेका सामानहरु किनबेच गर्न पाईने छैन |

१६ . अमानतमा उठेको रकम दमसहिको दरले कट्टा हुने छ |

१७ . बोलपत्र न १६/२०७२/७३ को ठेक्का को म्याद ३देखि ५ वर्ष सम्म थप्न सकिने छ |

तपसिल

| बोलपत्र न | बिबरण | न्युनतम ठेक्का रकम |
|---|---|---|
| क | बजार तर्फ (बार्षिक) | |
| १/२०७२/७३ | भैंसी तथा गोरु बजार | ६५,०५,५५१/- |
| ४/२०७२/७३ | खसी तथा बाख्रा बजार | १२,७७,७७७/- |
| ५/२०७२/७३ | माछा, मासु, कुखुरा,परेवा,हाँस र अन्डा बजार | ४,२१,१११/- |
| ६/२०७२/७३ | तरकारी बजार | ३,८१,०००/- |
| ७/२०७२/७३ | चामल तथा रेडिमेट बजार | १,६०,०००/- |
| ८/२०७२/७३ | कान्छी र दाउरा बजार | १,५७,२५१/- |
| ९/२०७२/७३ | पाडा काटमार बजार | १,२४,८५०/- |
| १०/२०७२/७३ | हिरापुर ब्यारेज बजार | १,०१,०००/- |
| ११/२०७२/७३ | लौकठ बजार | २५,०००/- |
| १२/२०७२/७३ | हिरापुर पर्ति बजार | २५,०००/- |
| १३/२०७२/७३ | बरहथवा न.पा.२ को गौशाला बजार | १,८१,०००/- |
| १४/२०७२/७३ | पथलैया (दुंगे) कान्छी बजार | २०,०००/- |
| ख | अन्य आन्तरिक आय संकलन तर्फ | |
| १५/२०७२/७३ | पटके सवारी कर तथा सडक मरम्मत सेवा शुल्क(बार्षिक) | १०,०१,०००/- |
| १६/२०७२/७३ | सोती ,सोत्रा तथा गुलरिया मन लगायत का खोलाहरु(बार्षिक) | ५,०१,०००/- |